# त्रिपुरासुन्दरी गाउँपालिकाको एघारौं गाउँसभामा

# आर्थिक वर्ष २०७९/८० का लागि

# अध्यक्ष  श्री राजु उप्रेतीज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम

त्रिपुरासुन्दरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सल्यानटार,धादिङ

बागमती प्रदेश ,नेपाल

**२०७९ असार १०**

## आ.व २०७९/०८० को वार्षिक नीति,कार्यक्रम तथा बजेट

## "समृद्ध गाउँ, सम्मुनत त्रिपुरासुन्दरी; सवल स्थानीय सरकार ,सुखी नागरिक"

**त्रिपुरासुन्दरी गाउँपालिकाको एघारौ गाउँसभामा उपस्थित प्रमुख अतिथिज्यू,विशेष अतिथिज्यूहरु , अतिथिज्यूहरु,गाउँपालिकाका उपाध्यक्ष , लगायत गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभालाई सफल बनाउन र यसको गरिमा बढाउन पाल्नु भएका राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पूर्वजनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजीवी, संचारकर्मी,संघ संस्थाका प्रमुख एबं प्रतिनिधि, सुरक्षाकर्मी लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा म यस गाउँपालिकाको अध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट सबैमा हार्दिक स्वागत गर्दछु |**

सर्वप्रथम नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजबाद प्रति प्रतिबद्द रहँदै स्थानीय स्वयतता र स्वशासनलाई आत्मसात गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण विभेदरहित समतामूलक समाज र समुन्नत नेपालको निर्माण गर्ने उद्देश्यका साथ यस गाउँपालिकाको स्थानीय सरकारले आ.व ०७९/८० को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गौरबान्वित भएको महसुस गरेको छु |यस अवसरमा देशमा सङ्घीय

लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको क्रममा मुलुकको स्वतन्त्रता ,सार्वभौमिकता,स्वाधीनता, स्थायीत्वसशस्त्र संघर्ष ,लगायत विभिन्न आन्दोलनको क्रममा गौरवपूर्ण सहादत प्राप्त गर्नु हुने अमर सहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु | घाइतेहरुमा शिघ्र स्वस्थ लाभको कामना गर्दछु साथै परिवारजनमा सहानुभूती प्रकट गर्दछु |

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको आधारशिलाको रुपमा रहेको स्थानीय तहको निर्वाचन दोस्रो पटक सम्पन्न भएको छ | यो निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारी ,राजनीतिक दल ,आम मतदाता , संचारकर्मी ,सुरक्षाकर्मी सबैमा हार्दिक धन्यबाद दिन चाहन्छु | साथै मतदानमा सहभागी सम्पूर्ण मतदाता र निर्वाचित जनप्रतिनिधिहरुलाई हार्दिक बधाईका साथ सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु |

नागरिकहरुको चाहना र आवश्यकता अनुरुप घरदैलोमा नागरिक सेवा पु-याउने माध्यमको रुपमा रहेको स्थानीय तहको निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ दीगो र मजबुत बनाएकोछ | नयाँ जनादेश सहित निर्धारित समयमै स्थानीय तहको गठन भए संगै लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजबाद प्रति प्रतिबद्ध रही दीगो शान्ति, सुशासन,विकास र समुन्नतिको चाहना पुरा गर्ने दिशामा अग्रसर रहन थप बलियो आधार प्राप्त भएको छ|

विगत दुई वर्ष देखि विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण यस त्रिपुरासुन्दरी गाउँपालिकाका नागरिकहरु पनि नराम्ररी प्रभावित भएका छन | यस महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि सङ्घीय सरकार ,प्रदेश सरकार

र स्थानीय सरकारको समन्वयमा हामीले चालेका कदम समेतको परिणाम स्वरूपहाल यसको असर सामान्य हुँदै गएको छ | स्थानीय सरकार ,राजनीतिक दल ,रास्ट्र सेवक कर्मचारी ,स्वास्थ्यकर्मी,सामाजिक संघसंस्था र आम नागरिक सबैको संयुक्त प्रयासबाट यस्ताप्राकृतिक महामारीका विरुद्ध लडन र त्यसबाट सिर्जित प्रतिकुल अवस्थाको सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास राखेको छु |यस महामारी नियन्त्रण गर्न अहोरात्र खटनुहुने सबैमा हार्दिक धन्यबाद दिन चाहन्छु |कोभिड-१९को विश्वव्यापी महामारी ,बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपका कारण जीवन गुमाउनु हुने यस गाउँपालिका निवासी सम्पूर्ण व्यक्तिहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाँहरुको परिवार तथा आफन्तजनहरुमा हार्दिक समबेदना प्रकट गर्दछु |

नेपालको संबिधान २०७२ले तीन तहको सरकार व्यबस्था गरे अनुसार नागरिकले प्रत्यक्ष रुपमा देख्न ,भेट\न, बोल्न र त्यस अनुरुपको व्यवहार गर्न पाउने संबैधानिक अधिकार प्राप्त स्थानीय सरकार हो|यस्तो स्थानीय सरकार पाँच वर्षको कार्यकाल समाप्त भएर भर्खरै सम्पन्न भएको निर्वाचन मार्फत दोस्रो कार्यकालको पहिलो वर्ष प्रारम्भ भएको छ | नेपालको संविधान संघ,प्रदेश एबं स्थानीय सरकारको आवधिक योजनाले परिलक्षित गरेका विषयहरु,दिगो विकासका लक्ष्य ,सम्मानीय रास्ट्रपतिज्यूबाट २०७९ जेष्ठ १० गते सङ्घीय संसदमा प्रस्तुत सङ्घीय सरकारको नीति तथा कार्यक्रम ,बागमती प्रदेश प्रमुख माननीय यादव चन्द्र शर्माद्वारा २०७९ जेष्ठ १६ गते बागमती प्रदेश सभामा प्रस्तुत प्रदेश सरकारको नीति तथा कार्यक्रम ,राजनीतिक दलहरुको चुनावी घोषणा पत्र, राजनीतिक दल र अन्य सरोकारवाला

निकायहरुबाट प्राप्त सुझाव समेतको आधारमा गाउँपालिकाको स्थानीय सरकारले यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छ | पहिलो कार्यकालमा भएका नवीनतम कार्यहरुलाई यस कार्यकालमा पनि निरन्तरता दिदै र सुधार गर्नुपर्ने पक्षलाई जहिले पनि आम त्रिपुरासुन्दरीवासी आदरणिय नागरिकहरुसँग सहकार्य गरी अघि बढ्ने वाचा व्यक्त गर्दछु । गाउँपालिका निवासी सबै नागरिकको पहिचान ,पहुँच,प्रतिनिधित्व,प्रगति र प्रतिबद्धताका साथै त्रिपुरासुन्दरीबासीको पहिचान उच्च हुन्छ भन्ने मान्यताका साथ आम नागरिकको जीवनमा गुणात्मक परिवर्तन ल्याउने अठोट सहितको समुन्नत त्रिपुरासुन्दरीको आकांक्षा पुरा गर्नका लागि हाम्रो महाअभियानमा सामेल हुन गाउँपालिका निवासी सम्पूर्ण आमावुवा,दिदीबहिनी,दाजुभाईहरुमा हार्दिक आव्हान गर्दछु |

**गरिमामय गाउँसभाका प्रमुख अतिथिज्यू,विशिष्ट अतिथिज्यू,गाउँ सभाका सदस्यज्यूहरु,** अव म आर्थिक वर्ष २०७९/०८० का लागि नीति तथा कार्यक्रम यससभा समक्ष प्रस्तुत गर्न चाहन्छु |

**दीर्घकालिन सोच**: **"शिक्षा,स्वास्थ्य,कृषि,जलस्रोत,पर्यटन र पूर्वाधार**; **समुन्नत त्रिपुरासुन्दरीको मूल आधार "** रहेको छ |

**लक्ष्य:** यस त्रिपुरासुन्दरी गाउँपालिकाभित्र रहेको प्राकृतिक र अन्य स्रोत र साधनको समुचित र अधिकतम परिचालन गरी **"कोख देखि शोक सम्म स्थानीय सरकार"** भन्ने मूल नाराका साथ गर्भाअवस्थामा निशुल्क परिक्षण ,सुरक्षित मातृत्वका लागि निशुल्क सुत्केरी घरदैलो सेवा निशुल्क खोप र पोषण भत्ता सहितको बालविकास ,वृद्धा अवस्थामा ६५ वर्ष माथिका सबै जेष्ठ नागरिकलाई घर घरमै स्वास्थ्य सेवा ,गरीवी र विपन्नता र प्राकृतिक विपत्तिका

कारण मृत्यु भएका नागरिकहरुलाई मृत्यु संस्कार खर्च उपलब्ध गराउंदै प्रविधिमा आधारित गुणस्तरीय शिक्षा ,भौतिक पूर्वाधार र अनुभवी चिकित्सक सहितको स्वास्थ्य सेवा ,कृषिको आधुनिकिकरण ,पर्यटकीय क्षेत्रको प्रवर्धन र प्रचारप्रसार,घरेलु उद्योग तथा व्यवसायलाई सहजीकरण ,सिपमुलक तालिम सहितको रोजगारी सिर्जना आम नागरिकलाई आत्मनिर्भर बनाउदै सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाज निर्माण गर्ने |

**उद्देश्य**:

"**समृद्ध गाउँ ,समुन्नत त्रिपुरासुन्दरी –सवल स्थानीय सरकार सुखी नागरिक**"बनाउने चाहनालाई साकार पार्न आर्थिक ,सामाजिक,सांस्कृतिक,पूर्वाधार विकास ,संस्थागत विकास ,नागरिक सेवा प्रवाह ,विपद व्यबस्थापन, समाबेशी तथा गुणस्तरीय र भ्रस्टाचार रहित शुशासन मार्फत समुन्नत त्रिपुरासुन्दरी निर्माण गरिने उद्देश्य लिइएको छ |

**सभाका सदस्यज्यूहरु,**

**वार्षिक नीति तथाकार्यक्रम तर्जुमागर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु**

यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधानको अनुसूची-८ मा व्यवस्था गरिएको स्थानीय तहको एकल अधिकार संविधानको भाग-४ धारा ४९,५० र ५१ अनुसार राज्यn] तय गरेको निर्देशक सिद्दान्त ,

अनुसूची-९ मा व्यवस्था गरिएको साझा अधिकार स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,स्थानीय सरकार संचालन ऐन २०७४ , राष्ट्रिय योजनाबाट प्राप्त दिग्दर्शन, आवधिक योजनाहरु ,संघीय सरकार र प्रदेश सरकारको  नीति कार्यक्रम तथा बजेट र मार्गदर्शन, गाउँपालिका विगत बर्षका नीति तथा कार्यक्रम/योजना,मध्यकालिन खर्च संरचना दिग्दर्शन ,नागरिकहरुको माग तथा आवश्यकता र प्राप्त सुझावहरु ,राजनीतिक दल तथा नागरिक समाजबाट प्राप्त सुझावहरुलाई अवलम्बन गर्दै यो नीति तथा कार्यक्रम  तय गरिएकोछ |

**प्राथमिकताका क्षेत्रहरु:**

- कृषिमा आधुनिकीकरण र उद्यमशीलता
- भौतिक पूर्वाधार विकास
- शिक्षा क्षेत्रमा गुणस्तरीय सुधार ,व्यावसायिक तथा प्राबिधिक शिक्षामा जोड
- वातावरण र दिगो विकास
- सर्वसुलव र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह
- आत्मनिर्भर तथा रोजगार प्रबर्धनमा जोड
- खानेपानी र सरसफाई व्यबस्थापन
- महिला तथा सामाजिक समावेशीकरण
- सूचना प्रबिधिमा आधारित सेवा प्रवाह
- उद्यमशीलता र सहकारिताको विकास
- सदाचार र सुशासन

- विपद व्यबस्थापन उद्दार, राहत र पुनःस्थापना
- आन्तरिक तथा वाहय पर्यटन प्रबर्धन
- प्रशासनिक तथा शासकीय क्षमता अभिवृद्धि र सुशासन

**पूर्वाधार विकास :**

**" दिगो पूर्वाधार नै विकासको भरपर्दो आधार "**

गाउँपालिकाको आर्थिक सामाजिक विकासलाई तिब्रता दिन तथा पालिकाबासीको जनजीविकालाई सहज तुल्याउन भौतिक विकास योजना तर्जुमा गरी पूर्वाधार विकासमा जोड दिइनेछ| पूर्वाधारहरुको छनौट र कार्यान्वयन गरिदा पालिका निवासी धेरै नागरिक  लाभान्वित हुने ,दिर्घकालिन प्रतिफल दिन सक्ने ,दिगो विकास र वातावरणमैत्री हुने पक्षलाई ध्यान दिइनेछ |बजेट अनुसारको पूर्वाधार विकास होइन कि**"पूर्वाधार अनुसारको बजेट "**को सिद्दान्तलाई अवलम्बन गरिनेछ | यसका लागि वडा तथा गाउँपालिकाले पूर्वाधार विकास योजनाहरुको**" योजना बैंक "** बनाउने छ|त्यस योजना बैंकमा छनौट भएका पूर्वाधारहरुको सर्वेक्षण ,डिजाइन र लगत इस्टिमेट गरिनेछ | यसरी सम्भाव्यता /प्राबिधिक अध्ययन भईसकेका आयोजनाहरुलाई जनसहभागितामूलक र पारदर्शी विधि बाट प्राथमिकीकरण गरिनेछ र त्यसका आधारमा मात्र बजेट विनियोजन गर्ने परम्पराको सुरुवात गरिनेछ |

**सडकः**

- त्रिपुरासुन्दरी गाउँपालिकालाई सडक सञ्जालको अवधारणा अनुसार गाउँकार्यपालिकाको कार्यालयबाट ७ वटै वडा कार्यालय सम्मको सडकलाई आगामी ५ वर्ष भित्र कालोपत्रे गर्ने कार्यलाई यसै आर्थिक वर्ष देखि कार्य प्रारम्भ गरिनेछ|
- यो संगै यस पालिकाभित्रका सबै वडाहरु छुने गरी निर्माण गरिन लागेको सल्यानटार-खहरे-कार्कीगाउँ-वेलुङ मुर्चोक –मुलावारी –ठूलाबेसी हुँदै सल्यानटार जोड्ने त्रिपुरासुन्दरी चक्रपथको स्तरोन्नति गर्दैवाह्रै महिना यातायातको साधन संचालन गर्न सकिने गरी निर्माण कार्य गर्दै अगाडी बढाइनेछ|
- सङ्घीय सरकारको योजना र बागमती प्रदेश सरकारको योजनाहरुलाई कार्यान्वयन गर्दै स्थानीय सरकारको सहभागितामा खोल्सी –कोषढुंगा– नरसिंहधाम सडक र खोल्सी –लाम बगैंचा सिक्टार सडकको कालोपत्रे गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ|
- वर्षायाममा अविरल वर्षाका कारण बाढी पहिरोबाट अवरोध हुनसक्ने यस पालिका भित्रका मूल तथा शाखा सडकहरुको पहिचान गरी उक्त सडकहरुलाई पक्की ड्रेन निर्माण, ग्याबिन वाल, ग्राविल तथा नयाँ ट्रयाक खोल्दा लगत इस्टिमेटको १% प्रतिशत रकम वायो-इन्जिनिरिङमा प्रकोपबाट हुने क्षेतिलाई न्यूनीकरण गर्न सडकको वर्गीकरण अनुसार र स्थानीय आवश्यकता अनुसार ५ % प्रतिशत रकम खर्च गर्नुपर्ने आगामी वर्ष

देखि सो सडकहरु वार्हैं महिना चलन सक्ने गरी सडक योजनाहरुलाई संचालन गरिनेछ |

- गाउँपालिका र वडाबाट विनियोजन गरिएका रु.२० लाख देखिका योजनाहरु ठेक्का प्रक्रियाबाट कार्यन्वयन गरिनेछ |
- पालिकाभित्रको नागरिकहरुको सुविधालाई ध्यानमा राखी आन्तरिक यातायातलाई व्यवस्थित गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ |
- आगामी आ.व ०७९/८० मा गाउँपालिकाबाट विनियोजन गरिएका योजना तथा कार्यक्रमहरुको सम्झौता चैत्र मसान्त भित्र गरिसक्नुपर्नेछ |

**आवास तथा पुननिर्माण:**

- निर्माण सम्पन्न हुने क्रममा रहेका ७ वटै वडा कार्यालयको भवनहरुलाई प्रबिधिमैत्री भवनको रुपमा स्तरोउन्नति गरिनेछ |
- यस पालिका भित्रका ७ वटै वडाहरुमा आवश्यक रहेको सामाजिक सांस्कृतिक र धार्मिक कार्यहरुमा प्रयोग गर्न सकिने गरी सुबिधा सम्पन्न सामुदायिक सेमिनार भवन निर्माण कार्य शुरु गरिनेछ |
- वास्तविक भूकम्प पिडित निस्सा कार्ड प्राप्त व्यक्तिहरु अझैपनि भूकम्प पिडित लाभग्राही कायम हुन नसकेकोले उनीहरुलाई लाभग्राही कायम गराउन आवश्यक कार्य गरिनेछ |

- पालिकाको भू-उपयोग नक्सा तयार पारिनेछ | गाउँपालिकाको भूमिलाई वन क्षेत्र ,कृषि क्षेत्र ,आवाशीय क्षेत्र ,सार्वजनिक क्षेत्र ,खुला क्षेत्र लगायतकारुपमा प्रकाशित गर्ने र सिमांकन गर्ने  कार्य गरिनेछ| सम्भाव्यता अध्ययन गरी जग्गा विकास /जागा एकिकरण मार्फत सल्यानटारको योजनाबद्ध सहरीकरण गरिनेछ | पालिकाका अन्य बस्तीहरूलाई पनि योजनाबद्ध ढगले विकास गर्दै लगिनेछ|
- प्राकृतिक जोखिममा परेका सामाजिक सुबिधा ,भौतिक पूर्वाधारका हिसावले अपायक र अत्यन्त खर्चिलो बन्न सक्ने बस्तीहरुको स्थानान्तरण योजना बनाइ एकिकृत बस्ति विकासको अवधारणालाई कार्यान्वयन गरिनेछ |
- पालिकाभित्रका खुला र सार्वजनिक जमिन्हारुको पहिचान गर्ने सिमांकन गर्ने सुरक्षा गर्ने र तिनलाई सार्वजनिक उधानको रुपमा विकसित गर्दै लगिनेछ |कम्तिमा एक वडामा एक व्यवस्थित हरियाली उधानको व्यबस्था गरिनेछ | वि.पी पार्क हातीसुंढे,पाँचधारे पार्क ,कुसुनेचौर पार्क ,आल्पू पार्क ,साथै  एक वडा एक पार्क  निर्माण तथा स्तरोउन्नति गरिनेछ |
- अचनेटारमा स्मार्ट भिलेज स्थापना गरिनेछ |
- पालिकाभित्रका विभिन्न स्थानहरुमा रहेका चौताराहरुको संरक्षण र सम्बर्धन गरिनेछ | खोला र सार्वजनिक जग्गाहरुमा योजनाबद्ध ढंगले वृक्षरोपण  गर्ने कार्य लाई व्यापकता दिईनेछ|
- राष्ट्रिय स्तरका सभा सम्मेलन आयोजना गर्नका लागि सङ्घीयतथा प्रदेश सरकारको समन्वयमा गाउँपालिकाको गौरवको आयोजनाको रुपमा

सल्यानटारमा ७०० जना क्षमताको त्रिपुरासुन्दरी सम्मेलन केन्द्र भवनको निर्माण कार्य शुरु गरिनेछ |

- राष्ट्रिय गौरवको बुढीगण्डकी आयोजनाबाट प्रभावित नागरिकहरुलाई मुस्कान सहितको पुनर्बास कार्यक्रमका लागि पहल गर्ने नीति लिइनेछ |

## <u>आर्थिक विकास :</u>

### आन्तरिक आय:

### "करका क्षेत्रहरु विस्तार, विकासकोआधार"

- गाउँपालिकाले प्रदेश र सङ्घीय सरकार तथा विभिन्न स्रोतबाट प्राप्त हुने अनुदान प्रतिको भारलाई कम गर्दै आन्तरिक आय स्रोतलाई परिचालन गर्ने कुरामा बिसेष ध्यान दिइनेछ|
- पालिकावासीलाई समृद्ध बनाउन सके पालिका स्वत समृद्द बन्छ भन्ने विश्वास स्थानीय सरकारको रहेको छ|
- गाउँपालिकाले राजश्व सम्बन्धि ऐन ,निर्देशिका तथा कार्यविधिहरु बनाएरतथ्यांक प्रणालीलाई व्यबस्थित गरेर प्रबिधिको उपयोग गर्दै राजश्व परिचालनलाईवैज्ञानिक पारदर्शी र पद्दतिगत ढंगले अगाडि बढाइने छ |
- करको दरलाई पालिकाबासीले तिर्न सक्ने क्षमताको आधारमा निर्धारण गर्दै करकोदर भन्दा दायरा वृद्धि कुरालाई ध्यान दिईनेछ|

- व्यवसायको प्रकृति तथा पुँजीगत लगानीको आधारमा वर्गीकरण गरि करकोदर निर्धारण गरिनेछ | यो संगै पालिकाको आम्दानि र खर्च (बिशेष गरि आन्तरिक राजश्व तथा तिनको उपयोग) नियमित रुपमा सार्वजनिक गरिनेछ |
- कर संकलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अगुमनलाई थप प्रभावकारी बनाइने छ | यो संग संगै राजश्व शाखामा कार्यरत कर्मचारी र वडा सचिबहरुलाई दक्षता अभिवृद्धिको तालिम उपलब्ध गराईनेछ |
- करदाताहरुलाई राजश्व सम्बन्धि जानकारी गराई कर तिर्नु हाम्रो दायित्व हो भन्ने बोध गराइनेछ | करदाताको दायरा पहिचान गरि तथ्यांक संकलन गर्ने ,करको दायरा अभिवृद्धि गर्ने ,वडा कार्यालयले करदाताको अभिलेख चुस्तदुरुस्त राख्ने र करको दायरामा लयाउन नीति नियम बनाइनेछ|
- गाउँपालिकाको आन्तरिक आयमा गुणात्मक वृद्धि गराई त्यसको परिचालनबाट विशिष्ट पूर्वाधारहरुको निर्माण गर्नेछ र सामाजिक सुरक्षा क्षेत्रमा पनि उल्लेखीय कार्य गरिनेछ |
- आफ्नो अधिकार क्षेत्रभित्रको प्राकृतिक र अन्य आर्थिक स्रोत संकलन परिचालनका लागि जिम्मेवार बनाएकोमा आन्तरिक आय वृद्धिगर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरी व्यवस्थित ढंगले करको दायरामा ल्याउन एक संयन्त्र निर्माण गरी परिचालन गरिनेछ|
- सम्पति कर व्यबस्थापन कार्यविधि तर्जुमा गरीसम्पति कर लगाउने व्यबस्था मिलाइने छ |

- घर नक्सालाई अनिबार्य तथा व्यवस्थित गर्दै घर बहाल करको दायरामा ल्याउने कार्य गरिनेछ|
- ढुंगा गिट्टी बालुवा ,माटो,काठ दाउरा,जड्डीबुटीजस्ता प्राकृतिक स्रोत साधनलाई करको दायरामा ल्याइनेछ |
- संचालित इट्टा भट्टा र फर्निचरहरु संचालन बिधि बनाई कार्यान्वयन गरिनेछ |
- करदाता मैत्री सेवा प्रदान गर्दै करदाताहरुलाई पुरस्कृत गरिनेछ |
- राजश्व संकलनका आधारमा वडागत रुपमा बढी राजश्व संकलन गर्ने वडालाई बजेट बाँडफाँडमा प्राथमिकता दिइनेछ |
- करदाता व्यवसायीहरुलाई माग बमोजिमको PAN/VAT सम्बन्धीको तालिम दिइनेछ |
- नागरिकले समयमा नै कर तिर्ने पद्धतिको विकास गराई करको दायरालाई फराकिले पारिने छ ।

## कृषि तथा पशु विकास :

**"कृषि र उद्यमशिलताबाट लिउं; आर्थिक सम्वृद्धिमाअग्रसरता”**

- पालिकाभित्र भएका सबै कृषियोग्य भूमिहरुको आवश्यकता अनुसार माटो परीक्षण गरी विभिन्न कृषि बालीहरुका लागि 'पकेट क्षेत्र' घोषणा गरिनेछ । ती क्षेत्रमा सहकारी वा कृषक समूह मार्फत उपयुक्त बालीहरुको व्यावसायिक खेती गरिनेछ । धान, गहुँ, तोरी खेतीका लागि सुकौरा, ठूलीबेसी र सिउरेनी

बेसी, आलुखेतीका लागि ह्यापिडे, खहरे, लपाम, सुकौराबेसी, मास र मकै खेतीका लागि सल्यानटार, केरा लिची, आँप, मेवाका लागि सल्यानटारको तल्लो भेग, तर्बुजा खेतीका लागि बुट्टार, भूईकटहर, रुखकटहर, अम्बाका लागि सल्यानटारको तल्लो भेग तथा सुकौरा, खहरे क्षेत्र, तरकारी खेतीका लागि सिउरेनी, ठुलीबेसी, ह्यापिडे, सुकौरा फाँटलाई पकेट क्षेत्रको रुपमा घोषणा गरिनेछ। त्यसैगरी, विभिन्न तरकारी, फलफूल र पशुपालन (कुखुरा, बाख्रा, बँदेल, सुँगुर, बंगुर, माछा) सहितको एकीकृत व्यावसायिक खेतीका लागि आहाले, मुलाबारी, सुनपोखरी, ह्यापिडे, गणेशस्थान, सुकौराफाँट, गोलाङबेसी फाँट, चुरेटार, पट्केघारी, लपाम फाँट, रिङनेफाँट, बडहरेफाँट, पौवाफाँटलाई पकेट क्षेत्र घोषणा गरिनेछ । आगिञ्चोक, सल्यानकोट र मुलपानीका पहाडी भूभागहरुमा कागती, निबुवा, सुन्तला, नासपाती लगायतका फलफूलहरुको व्यावसायिक खेतीलाई प्रवर्धन गरिनेछ । ह्यापिडेबेसी, खहरे हुँदै नौबिसेसम्मको क्षेत्रमा व्यावसायिक माछापालन प्रवर्धन गरिनेछ । उपयुक्तता र संभाव्यताका आधारमा किवी खेती, कफी खेतीहरुको प्रवर्धन गरिनेछ। फलफूलको बेर्ना वितरण गरिंदा एउटै क्षेत्रमा समूहगत खेती गर्ने नीतिलाई प्रोत्साहित गरिनेछ।

- उन्नत टनेल प्रविधि मार्फत तरकारी खेतीको प्रवर्धन गरिनेछ । सिंचाई नभएका खेतबारीमा सिंचाई सुविधा पुऱ्याउनका लागि आयोजना स्तर अनुसार बजेट विनियोजन गरिनेछ र आवश्यकता अनुसार प्रदेश र संघीय सरकारको बजेटका लागि पहल गरिनेछ । संभाव्यता अनुसार 'लिफ्टिङ' सिंचाई आयोजनाहरुको कार्यान्वयन गरिनेछ । पुराना कुलोहरुको मर्मतसंभारका लागि 'कुलो मर्मतसंभार कोष' को व्यवस्था गरिनेछ।

- सल्यानटारमा उत्पादन हुने मास, घैयाधान, कालो तिल, झुसेतिल, बेसार, अदुवा, शखरखण्ड लगायत पालिकाका अन्य  खेतीलाई व्यावसायिकरण गर्दै यी उत्पादनका लागि बजार प्रवर्धन गरिनेछ । गाउँपालिकाले साना किसान सहकारी संस्था लगायत अन्य सहकारी र निजी क्षेत्र समेतको साझेदारीमा मास, भटमास, घैयाधान, कालो तिल, बेसार लगायतका विशिष्ट कृषि उत्पादनहरुको ब्राण्डिङ गरी बजारीकरण गरिनेछ । यी उत्पादनको ब्राण्डिङका लागि ग्रेडिङ, लेवेलिङ, प्याकेजिङ जस्ता कुराहरुमा ध्यान दिएर बजार प्रवर्धन गरिनेछ । तिनको प्रशोधन र मूल्य अभिवृद्धिका लागि प्रोत्साहन गरिनेछ । व्यावसायिक निबुवा खेतीबाट चुक अमिलो र कागती खेतीबाट जुस/भिनेगर उत्पादन गरेर ब्राण्डिङ गरी बजारीकरण गरिनेछ । कृषि उपजका लागि पालिकास्तरीय शीतभण्डार (कोल्डस्टोर) को स्थापना र संचालन गरिनेछ ।
- आगिञ्चोक, मुलपानी र सल्यानकोटका पहाडी भूभागहरुमा डाले घाँस/भूईं घाँस खेतीको प्रवर्धन गरिनेछ र  व्यावसायिक रुपमा गाई, भैंसी, बाख्रापालन गरिनेछ । गाईभैंसीहरुका लागि नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ । पालिकाको उपयुक्त स्थानहरुमा दुग्ध संकलन/चिस्यान/प्रशोधन केन्द्रको स्थापना गरिनेछ । उत्पादित दुग्ध उत्पादन, मासुहरुलाई स्थानीय र बाहिरी बजारमा समेत आपूर्ति गरिनेछ । यी केन्द्रहरुको स्थापना र संचालनका लागि सहकारी/निजी क्षेत्रसँग साझेदारी/सहजीकरण हुनेछ । वधशाला र मासुपसलहरुलाई व्यवस्थित, स्वच्छ र सरसफाईयुक्त बनाउने कुरामा ध्यान

दिइनेछ । मासु, अण्डा जस्ता पशुजन्य कृषि उत्पादनमा आत्मनिर्भर बन्दै जाने नीति लिइनेछ ।

- आधुनिक कृषि प्रविधि, कृषि औजार, गुणस्तरीय बीउबिजन र मल समयभित्रै उपलब्ध गराउन सहकारी संस्थाहरुसँग साझेदारी गरिनेछ ।कृषि यान्त्रिकीकरणलाई प्रोत्साहित गरिनेछ । कृषिमा सहुलियतपूर्ण ऋण सुविधा, कृषि बिमार पशु बिमाको सुविधा उपलब्ध गराउन गाउँपालिकाले विशेष पहल र सहजीकरण गर्नेछ ।
- स्थानीय जातको कुखुरा उत्पादन तथा प्रबर्धन गर्न इन्कुबेटर खरिदमा अनुदान दिई व्यवसायलाई प्रोत्साहन गरिनेछ |
- माटोको उर्वरा शक्ति क्षेयिकरण हुनबाट जोगाउन र रासनियिक मलको अभावलाई परिपूर्ति गरी उत्पादन वृद्धि गर्न जी.एम.ओ खेति प्रणालीलाई विकास गर्दै गौमुत्र र गाईभैंसीको गोबरबाट कम्पोस्ट मल बनाउन उत्पादनको आधारमा अनुदानको व्यबस्था मिलाईनेछ |
- खेतियोग्य जमिनलाई चकला बन्दिको आधारमा खेति गर्न र बाँजो जग्गालाई उत्पादनमा प्रयोग गर्ने किसानलाई रोपनीको आधारमा अनुदानको व्यबस्था मिलाइनेछ |
- यस पालिकाभित्रका सम्पूर्ण किसानहरुको सुचिकृत कार्यलाई निरन्तरता दिइनेछ |
- पशुपालन ,कुखुरापालन ,मत्स्यपालन तथा उत्पादनमुखी व्यवसायीक खेति कार्यमा अनुदान प्रणालीको व्यवस्था मिलाइने छ |

## सहकारी तथा वित्तीय क्षेत्र:

- गाउँपालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुलाई उत्पादनमुलक कार्यहरुसंग जोड्न उत्प्रेरित गरिनेछ| प्रत्येक महिलालाई सहकारी संस्थाको सदस्य बनाउने अभियान चलाइनेछ | उनीहरुको आवश्यकता र रुचीको पहिचान गरी सिप तथा आयमूलक तालिमका कार्यक्रमहरु संचालन गराइनेछ | सुपथ सहकारी पसल खोल्नलाई प्रोत्साहित गरिनेछ | साथै सवै नागरिकहरुलाई उत्पादन सहकारी मार्फत बजारीकरणको व्यबस्था गरिनेछ |
- सहकारी संस्था व्यवस्थित गर्नका लागि सहकारी संस्था संचालन तथा नियमन गर्ने ऐन,कानून प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ|
- पशु तथा कृषि उत्त्पादनसँग सरोकार राख्ने सहकारीका कार्यक्रमहरुमा गाउँपालिकाले ३०% सम्म साझेदारी गर्न सक्ने नीति बनाइनेछ|
- साना किसान तथा अन्य कृषि सहकारीसंग कृषि तथा पशुपालनको क्षेत्रमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ|
- हरेक नागरिकहरुलाई सहकारीमा आवद्ध गराउन प्रोत्साहित गरिनेछ |
- हरेक वडास्तरमा सहकारी सुपथ पसलहरु संचालन गर्न प्रोत्साहन गरिनेछ |
- उत्पादन र रोजगारीमा आवद्ध सहकारीलाई पुरस्कार दिईनेछ |

- सहकारीमा आबद्द सदस्यहरुलाई क्षमता विकाससम्बन्धी तालिम दिइनेछ |
- कर्मचारी तथा शिक्षकहरुलाई सहकारीको संचालक समितिमा बस्न नपाउने व्यवस्था गरिनेछ |
- गाउँपालिकाभित्रका सबै सहकारीका सदस्यहरुलाई वित्तीय सात्क्षरता कार्यक्रम ल्याईने छ |

## संस्कृति तथा पर्यटन:

**"घुम्न जाऔं त्रिपुरासुन्दरी" "सबै मिली गरौं पर्यटन प्रवर्धन, यसैबाट बढ्छ, नाम, दाम र शान"**

- सङ्घीय तथा प्रदेश सरकारको समन्वयमा त्रिपुरासुन्दरी मन्दिरदेखि सुन्दरी माई मन्दिर आगिन्चोक सम्म हिमालयन दृश्य अवलोकन पदमार्ग तथा तल्लो सल्यानबेसीमाइस्थान देखि सल्यानकोट त्रिपुरासुन्दरी मन्दिर सम्मको माई सवारी पदमार्ग निर्माण गर्ने |त्रिपुरासुन्दरी मन्दिर परिसरलाई धार्मिक पर्यटकीय गन्तब्यको रुपमा विकसित गर्न आवश्यक गुरु योजना यसै वर्ष तयार पारिनेछ |
- प्रमुख धार्मिक तथा दृश्यावलोकनका स्थानहरुलाई समेटेर छोटा (एकदिने) पदमार्गहरुको विकास गरिनेछ .

- पालिकास्तरीय पर्यटकीय नक्शा बनाइनेछ र प्रमुख पर्यटकीय मार्गमा तिनलाई राखिनेछ।
- पदयात्रा पर्यटन सँगसँगै स्थानीय कृषि उत्पादन, खाना, संस्कृतिहरुको पनि प्रवर्धन गरिनेछ। स्थानीय उत्पादनको प्रवर्धन गर्न 'त्रिपुरासुन्दरी कोसेली घर' को स्थापना गरिनेछ, जहाँ पर्यटकहरुलाई त्रिपुरासुन्दरी गाउँपालिकाका सुन्दर पर्यटकीय तस्वीरहरु, स्थानीय उत्पादन तथा अन्य चिनोका सामानहरु उपलब्ध हुनेछ .
- काठमाडौंबाट समेत नजिकको दूरीमा भएकोले यस क्षेत्रमा आन्तरिक पर्यटनको प्रवर्धन गर्न निजी क्षेत्रसँग समेत हातेमालो गर्दै पर्यटकीय गतिविधिका प्याकेजहरु बनाइनेछ | **"घुम्न जाऔं त्रिपुरासुन्दरी"** अभियान चलाउन सबै त्रिपुरासुन्दरी गाउँपालिकावासीलाई परिचालन गरिनेछ। यसका लागि व्यक्तिगत सम्पर्क वा सामाजिक सञ्जालहरुको अधिकतम उपयोग गरिनेछ । पर्यटनन प्रवर्धनका लागि **"सबै मिली गरौं पर्यटन प्रवर्धन, यसैबाट बढ्छ, नाम, दाम र शान"** हाम्रो नारा हुनेछ।
- गाउँपालिकाको धार्मिक पर्यटकीय स्थलको रुपमा रहेको नरसिंहधाम र आगिन्चोकको स्फटिक खम्बाको भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक कार्य गरिनेछ |
- राष्ट्रिय विभूति अथवा राष्ट्रिय रुपमा ख्याती प्राप्त व्यक्तिहरुका नाममा पार्क निर्माणका लागि आवश्यक पहल गरिनेछ |

## विद्युत:

- यस पालिकाभित्रका सम्पूर्ण घरधुरी/वस्तीमा विधुतीकरण गर्ने कार्यलाई पूर्णता दिईनेछ र काठको पोल मुक्त गाउँपालिका बनाइने छ |
- सडक छेउ वा अन्य स्थानमा अव्येबशितत रुपमा राखिएका विधुतीय पोलहरुलाई सुरक्षित र व्यवस्थित बनाइने छ |
- वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ र पालिका भित्रका मुख्य मुख्य चोक तथा वस्तीहरुमा सोलार बत्तिको प्रयोग गरिनेछ |
- वैकल्पिक उर्जाको प्रयोग गरि सल्यानटारमा हिउँदे सिंचाईका लागि बुढीगण्डकी नदिबाट आवश्यक पानी तान्ने व्यबस्था गरिनेछ |

# सामाजिक विकास

## शिक्षा:

**"शिक्षा र स्वास्थ्यमा सुधार ; यही नै दिगो विकासको आधार "**

- यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थी हरुलाई माध्यमिक तह सम्मको शिक्षालाई पूर्ण रुपमा निशुल्क गराइनेछ|

- सवै त्रिपुरासुन्दरीबासीलाई स्वस्थ र शिक्षित बनाउने लक्ष्य सहित स्थानीय सरकार अगाढि बढ्नेछ | यसबाहेक गाउँपालिकामा भएका स्वास्थ्य सेवा र शिक्षासंग सम्बन्धित पूर्वाधारहरुको स्तरोन्नती र गुणस्तरीय सेवाको अभिबृद्दिलाई विशेष प्राथमिकता दिईनेछ|
- हाल संचालित क्याम्पसहरुमा विज्ञान लगायत प्राबिधिक विषयहरुको अध्ययन अध्यापनविस्तार गरिनेछ |
- माध्यमिक तहका विद्यालयहरुमा प्राबिधिक शिक्षाहरुको अध्ययनलाई विकास गर्दै लगिनेछ |
- सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धिका लागि शिक्षकहरुकालागि पेशागत क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ |
- सामुदायिक विद्यालय तथा क्याम्पसहरुलाई प्रबिधिमैत्री बनाई विद्यालय तथा क्याम्पसहरुलाई फ्री –वाई फाई जोन बनाइनेछ|
- दलित सीमान्तकृत तथा बिपन्न परिवारका विद्यार्थीले चिकित्सा विज्ञान ,कृषि,वन इन्जीनियरिङ  वा अन्य प्राबिधिक विषयमा उच्च शिक्षा हाँसिल गर्न चाहेने विद्यार्थीहरुका लागि बिशेष छात्रवृति कोष बनाइनेछ |विपन्न परिवारका ,आफ्ना अभिभावकगुमाएका विद्यार्थीका लागि बिशेष छात्रवृति कोषबाट पाठ्यपुस्तक लगायत शैक्षिक सामग्री र विद्यालय पोशाक किन्नका लागि सहयोग उपलब्ध गरिनेछ साथ साथै प्रतिभाशाली र मेधावी विधार्थीहरुलाई पनि छात्रवृतिको व्यबस्था गरिनेछ |यस्ता छात्रवृतिहरु निश्चित कार्यविधि बनाएर मात्र गरिनेछ |

- यस गाउँपालिकाको इतिहास ,समाज,संस्कृति,परम्परागत,कला,ज्ञान, साहित्य, प्राकृतिक स्रोत व्यबस्थापन ,विकास आदि विषयमा अध्ययन ,अनुसन्धान गर्ने विद्वान,शोधार्थी,असुन्धानकर्ता, कृति प्रकाशकहरुलाई सम्मान प्रोत्साहित गर्न अनुसन्धान/सम्मानविशेष कोषको व्यवस्था गरिनेछ |
- शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रुपमा अघि बढाई बिद्यालयहरुमा शिक्षकहरुको समतामूलक वितरणलाई सुनिश्चित गरिदै लगिनेछ |
- धार्मिक प्रकृतिका बिद्यालयलाई शिक्षाको मूलप्रवाहीकरण गर्न विशेष व्यबस्था गरिने छ|

विद्यालयमा शिक्षक र विद्यार्थीहरुको अनुपात हेरी गुणस्तरीय शैक्षिक अनुदान कोष तयार गरी औचित्यको आधारमा प्रदान गरिने छ|

- शिक्षाको गुणस्तरीयता र समानतामा आधारित बनाउन गाउँपालिकास्तरीय परीक्षा व्यवस्थापन प्रणाली सुरुवात गरिने छ|
- निर्वाचित जनप्रतिनिधि ,शिक्षक ,कर्मचारीका छोराछोरीलाई अनिवार्य रुपमा सरकारी बिद्यालयमा भर्ना गर्नुपर्ने व्याबस्थालाई प्रभावकारी बनाइने छ |
- शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्बजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्नसरोकारवाला निकायहरुसंग अन्तरक्रिया गर्ने व्यबस्था गरिने छ|
- त्रैमासिक रुपमा विद्यालयका प्र.अहरु शिक्षक अभिभाबक संघका अध्यक्षहरु, बिद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु भेला गरेर

विद्यालयको समीक्षा गरी भावी दिनहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक कार्य गरिनेछ |

- विद्यालयको आवश्यकता र विद्यार्थी संख्या आदिका आधारमा अनुदान दिने प्राबधान मिलाइने छ |
- स्थानीय सरोकारवालाहरु, समुदाय र विकासका साझेदारी संस्थाहरुसँगको सहकार्यबाट शिक्षाको गुणस्तर अभिबृद्धि गरिने छ|
- अपाङ्ग/भिन्न क्षमता भएका ब्यक्तिहरुको शैक्षिक पहुँचमा वृद्धि गरिने छ|
- बालविकास शिक्षासम्बन्धी सिकाइ  सामाग्रीहरुको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तरअनुरुप बनाइने छ |
- सामुदायिक विद्यालयहरुमा प्रि –प्राइमरी देखि नै अंग्रेजी माध्यमबाट अध्यापन गराउन सुरुवात गरिनेछ साथै सिकाइमा सूचना तथा संचार प्रबिधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा बिकास गर्न कम्प्युटर नभएका बिद्यालयहरुमा कम्प्युटर ल्याबको स्थापना गर्नेनीतिलाई जो दिइनेछ|
- गाउँपालिकाभित्र विद्यालयहरुको नक्सांकन गरी विद्यालय एकीकरण तथा तह घटाउने नीति अबलम्बन गरिनेछ|
- गाउँपालिकाको हरेक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सो मार्फत कार्यक्रम संचालन गरिने नीतिलाई निरन्तरता दिइनेछ |

- अनिबार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयहरुमा भर्ना गराउने कार्यक्रमलाई प्रभाबकारी बनाइने छ |
- बालविकास शिक्षक तथा विद्यालयका कर्मचारीहरुलाई  गाउँपालिकाबाट दिंदै आएको सुविधालाई निरन्तरता दिइनेछ |
- विगत बर्षदेखि गाउँपालिकाको आन्तरिक स्रोतबाट नियुक्ति भई  कार्यरत रहेका आधारभूत तहका सात  र माध्यमिक तहका सात गरी चौध जना अनुदान शिक्षकहरुको बारेमा विधालयका विधार्थी अनुपातका  आधारमा आवश्यक पुनरावोलोकन  गरिनेछ |
- सामुदायिक क्याम्पसहरुलाई शैक्षिक अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ .
- विद्यालयहरुमा खेलकुद तथा अतिरिक्त क्रियाकलापका साथै गाउँपालिकास्तरमा रास्ट्रपति कप, अध्यक्ष  कप लगायतको खेलकुद प्रतियोगितालाईनिरन्तरता दिइनेछ |
- सामुदायिक बिद्यालयका छात्राहरुलाई  स्यानिटरी  प्याड वितरण तथा सरसफाई व्यबस्थापन गर्न निश्चितरकम अनुदान दिने कार्यलाई निरन्तरता दिईनेछ |
- गाउँपालिका भित्रको सबै सामुदायिक क्याम्पसहरुमा  डिजिटल कक्षा संचालन गर्ने व्यबस्था मिलाइनेछ |

- उत्कृष्ट कार्य गर्ने बिद्यालय, शिक्षक तथा उच्च नतिजा ल्याउने बिद्यार्थीलाई पुरस्कृत गरिनेछ |
- प्रत्येक  विद्यालयमा वालमैत्री वाल उद्यानको व्यबस्था क्रमश थालनी गरिनेछ |
- हरेक विद्यालयमा खानेपानी र शौचालय सुधारको नीति लिईनेछ |
- गाउँपालिकाभित्र रहेका स्वास्थ्य ,शिक्षा ,कृषि ,भेटेनरी लगायत अन्य सार्वजनिक सेवा कार्यालय संचालन व्यबस्थापन गर्न आवश्यकताको आधारमा अनुदान नीति अबलम्बन गरिनेछ |
- यस गाउँपालिका भित्रका विद्यालयमा CTEVT को सम्बन्धनमा संचालित १८ महिने प्राबिधिक विषयको पठनपाठनलाई सम्बन्धित निकायसंगको समन्वयमा ३ वर्षे अवधिको कार्यक्रम संचालनका लागि आवश्यक कार्य अगाडि बढाइने छ |
- गाउँपालिका स्तरीय खेल शिक्षक र संगीत शिक्षकको दरबन्दी सिर्जना गरी घुम्ती रुपमा सबै विद्यालयहरुमा सुबिधा उपलब्ध गराई खेलकुद र संगीतलाई प्रोत्साहित गरिनेछ |
- गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरुलाई कम्प्युटर सम्बन्धि आधारभूत तालिमको व्यबस्था मिलाइनेछ |
- प्रारम्भिक वालविकास तथा शिक्षा पाठ्यक्रम २०७७ ले निर्देशित गरेका आधारभूत तथा विषयगत सक्षमताहरु हाँसिल गराउन र बालवालिकालाई

विद्यालय शिक्षामा आकर्षित गर्न आवश्यक शैक्षिक सामग्रीहरुको व्यबस्था गरिनेछ |

- माई स्कुल टिचर (My School teacher) नेपालबाट तयार गरेको क्याम्ब्रिज विश्वविद्यालय अन्तर्गत लर्निङ नेपाली पाठ्यक्रम र गाउँपालिकाभित्रका माध्यमिक विद्यालयहरुको कक्षा १० र ११ को पाठ्यपुस्तकलाई पूर्वाधार तयार गरी कार्यान्वयन गरिने नीति लिनेछ |

## महिला विकास:

- महिला शसक्तिकरण कार्यक्रम संचालन गरी क्षमता अभिवृद्धि तथा उद्यमशिलता विकासमा जोड दिइनेछ.
- महिला हिँसा अन्त्यका लागि द्रुतमार्ग महिला न्याय इकाईको व्यबस्था गरिनेछ |

गाउँपालिका कार्यालय तथा वडा कार्यालय भवनलाई महिलामैत्री बनाइनेछ|

- शिक्षा , स्वास्थ्य तथा रोजगारीमा महिलाहरुको पहुँच वृद्धि गर्दै लगिनेछ |
- महिला सशक्तीकरणका क्रममा गृहिणी शिक्षालाई प्रोत्साहन गरिने छ |
- महिला माथि हुने हिंसा र मानब बेचबिखन तथा ओसार पसार कार्यलाई निरुत्साहित गरिने छ|
- महिलाहरुलाई मागका अधारमा सीपमूलक व्यावसायिक तालिम दिई व्यबसाय तर्फ उन्मुख बनाउने नीति लिइनेछ|

- जेष्ठ नागरिक र पारिवारिक सम्बन्ध सुधार कार्यक्रम ल्याइनेछ ।
- लामो समयदेखि श्रीमान बेपत्ता भई एक्लिएका महिलाहरुलाई पहिचानको आधारमा आय आर्जन उन्मुख सहायता नीति बनाई अनुदान रकम उपलब्ध गराइनेछ ।
- आमा समूहहरुलाई नेतृत्व तथा क्षमता विकास तालीम दिईनेछ ।
- लैंगिक उत्तरदायी समविकास कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
- विकास निर्माणका हरेक चरणमा महिलालाई विशेष प्राथमिकता दिई **"विकासमा महिला,महिलालाई पहिला"** को नीतिलाई निरन्तरता दिईनेछ ।
- बाबुआमा विहिन बालबालिका संरक्षण कोष , लैंगिक हिंसा निवारण कोषजस्ता कोषहरूलाई निरन्तरता दिईनेछ ।

## बाल विकास:

१.वाल विवाह सामाजिक कुरीति जातीय भेदभाव लैंगिक हिंसा र बाल श्रम विरूद सचेतना मूलक अभियानहरु संचालन गरिनेछ ।

२.बाल विकास केन्द्रको व्यवस्थापनामा जोड दिइनेछ ।

३.बाल श्रमशोषणलाई निरुत्साहित गर्दै लगिने छ ।

४.बालमैत्री स्थानीय शासन कार्यक्रम (CFLG) संचालन गरी वडा र गाउँपलिकालाई बालमैत्री वडा तथा गाउँपालिका घोषणा गरिने छ ।

५.विकास निर्माणमा हुने भैतिक संरचनाहरुलाई बालमैत्री बनाइनेछ ।

६.वडा र गाउँपालिकास्तरमा वालबालिकासँग सम्बन्धित काम कार्यवाहीको अनुगमन गर्न **बाल अधिकार समन्वय तथा  अनुगमन समिति** गठन गरिने छ |

७.हरेक टोल ,वडा र विद्यालयहरुमा बाल क्लबहरु गठन गरी उनीहरुको हक अधिकार सुनिश्चित गर्ने कार्यक्रम संचालन गरिने छ|साथै गाउँपालिकास्तरीय बाल संजाल गठन गर्ने व्यबस्था मिलाईनेछ|

८.किशोरकिशोरी  समूहहरुलाई आवश्यक नेतृत्व क्षमता विकास तालीम दिइनेछ|

## स्वास्थ्य:

**" त्रिपुरासुन्दरी गाउँपालिकाको सरोकार; गाउँ-गाउँमा डाक्टर  "**

- प्रसुती सेवाका लागि स्वास्थ्य संस्थामा पुगेका सुत्केरी महिलाहरुको अन्य स्वास्थ्य संस्थामा रिफर गर्नुपर्दा लाग्ने एम्बुलेन्स शुल्क गाउँपालिकाको तर्फबाट निशुल्क गरिनेछ |
- गाउँपालिका भित्रका सवै वडामा मासिक रुपमा दक्ष चिकित्सकबाट नागरिकको स्वास्थ्य परिक्षणको व्यबस्था मिलाइनेछ |
- गाउँपालिका भित्रका पाँच वर्ष मुनिका सबै बालबालिकाको पोषण अवस्थालाई मध्यनजर गर्दै वृद्धि अनुगमनलाई बिशेष जोड दिइनेछ |
- स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि आवश्यक तालिमको व्यबस्था गरिनेछ |

- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गर्दै आएको मासिक यातायात खर्चमा वृद्धि गरिनेछ|
- सबै प्रकारका नियमित खोप सेवालाई समयमा नै लगाउने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- प्रसुती जाउलो कार्यक्रमलाई व्यवस्थित गर्दै निरन्तरता दिइनेछ |
- हरेक वडामा कम्तिमा एउटा स्वास्थ्य केन्द्रको पूर्वाधार तयार गरी स्वास्थ्यमा नागरिकको सहज पहुँचको व्यबस्था मिलाईने छ | वडास्तरमा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाईलाई स्वास्थ्य चौकीमा स्तरोन्नति गर्न आबश्यक पहलकदमी लिइनेछ |
- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य सेवामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यमा विभिन्न शिविरहरु र घर परिवार सदस्यहरुसंग छलफल भेटघाट र अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ |
- बाल तथा मातृमृत्यु दरमा न्यूनीकरणमा जोड दिइनेछ |
- सुर्ती, मदिरा र लागूपदार्थजन्य बस्तुहरुको प्रयोग नियन्त्रण गर्न प्रहरीके समन्वयमा सचेतनामूलक कार्यक्रमलाई संचालन गर्दै लगिने छ|
- बर्थिंङ्ग सेवालाई प्रभाबकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी प्रतिक्षालय घर निर्माण गरी खान बस्न निशुल्क गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ | जसका कारण घरमा सुत्केरी हुने शून्य वडाहरु घोषणा गर्दै सिंगो गाउँपालिका घोषणा गर्ने नीति लिईनेछ |

- HIV/AIDS संक्रमित व्यक्तिहरुलाई एक आर्थिक वर्षमा एक पटक यातायात खर्च बापत रु. १०,०००|-आर्थिक सहायता दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ |
- आठ प्रकारका सम्बेदनशील रोग लागेका नागरिकहरुलाई राज्यबाट सुबिधा लिएकाको हकमा एकपटक र गरिव तथा राज्यको सुबिधाबाट बन्चित नागरिकको हकमा एक आर्थिक बर्षमा रु १०,०००| आर्थिक सहयोग दिने नीतिलाई निरन्तरता दिईनेछ|
- **एक विद्यालय एक नर्स** कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ|
- स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता ldइनेछ |
- एक वडा एक स्वास्थ्य संस्था कार्यक्रमलाई निरन्तरता दिईनेछ |
- स्वास्थ्यकर्मीको तलबमानमा एकरुपता कायम गरिने छ।
- सवै वडाहरुमा विशेषज्ञसहितको स्वास्थ्य शिविरलाई निरन्तरता दिईनेछ |
- नियमित खोप सेवामार्फत सरसफाई प्रबर्धन कार्यक्रम संचालन गरिने छ |
- महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई निरन्तरता दिईनेछ |
- सार्वजनिक महत्वका स्थाहरुमा सार्वजनिक शौचालय निर्माण अभियानलाई निरन्तरता दिइनेछ |
- प्रत्येक स्वास्थ्य संस्थालाई स्वास्थ्य सुरक्षा सामग्रीहरु र आवश्यक औषधीहरुको व्यवस्था मलाई स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ |

- कोभिड-१९ रोगको नियन्त्रण गर्न स्वास्थ्य संस्थाहरुलाई चुस्त र प्रभावकारी बनाइनेछ |
- गर्भवती तथा सुत्केरी महिलाहरुलाई निशुल्क क्याल्सियम, आइरन र फोलिक एसीड चक्की वितरण कार्यलाई निरन्तरता दिईनेछ |
- स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति उचित व्यबस्थापन गरी कामको आधारमा  प्रोत्साहान भत्ताको व्यबस्था मिलाईनेछ |
- स्वास्थ्य संस्थाहरुमा एम्बुलेन्सको उचित व्यवस्थापन तथा संचालनलाई प्रभावकारी बनाइनेछ |
- सासु वुहारी संवाद कार्यक्रमलाई निरन्तरता दिईनेछ |
- पालिकाभित्र रहेका आधारभूत स्वास्थ्य केन्द्र तथा इकाईमा अवश्यक स्वास्थ्य कर्मचारीको करार दरबन्दी सिर्जना गरिनेछ |
- सुत्केरी करार महिला कर्मचारीहरुलाई ९८ दिन सुत्केरी बिदा दिने प्रबन्ध गरिनेछ |
- सल्यानटार PHC को भौतिक सरचनाको स्तरोन्नति गरिनेछ |
- आपतकालीन विरामी सुत्केरी दीर्घ रोगी र आकस्मिक बिमारीहरुले समयमा नै उपचार नपाइ ज्यान गुमाउन नपरोस भन्ने हेतुले वडा तहहरुमा पनि क्रमश एमबुलेन्स सेवा विस्तार गर्दै लाने नीति अबलम्बन गरिनेछ|
- बिगत वर्षहरुमा जस्तै विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसंग साझेदारी गरी स्वास्थ्य  कार्यक्रम संचालन गरिनेछ |

- सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर राख्ने व्यवस्था मिलाइने छ।
- नेपाल रेडक्रस सोसाइटीसंग साझेदारीमा गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने नागरिकहरुलाइ निशुल्क रगत उपलव्ध गराइने कार्यका लागि रक्तदान कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- सामुदायिक स्वास्थ्य संस्थाहरुमा सरसफाईका लागि करेसाबारी फोहोर व्यबस्थापन ,शुद्ध सफा पिउने पानी उपलब्ध गराउन राजनीतिक दल र सरोकारवालाहरुको सहभागितामा अभियान संचालन गरी उत्कृस्ट स्वास्थ्य संस्था समुदाय टोल र परिवारलाई पुरस्कृत गरिने कार्यलाई सुरुवात गरिनेछ |
- अस्पताल तथा स्वास्थ्य चौकीमा स्वास्थ्य सहकारी औषधि पसल संचालन गरी शुलभ मूल्यमा विक्री वितरण गरिनेछ |

## खानेपानी:

- मनपाङ खोला खानेपानी आयोजनालाई समय सिमा भित्रै सम्पन्न गरिनेछ |
- स्वच्छ खानेपानी मानब जीबनको नैसर्गिक अधिकार हो| पानीका मुहानहरु भएका ठाउँमा संरक्षण र व्यवस्थित गरी  वितरण गर्दै लगिनेछ| **एक घर एक धारा** अभियानलाई निरन्तरता दिईने छ | स्वच्छ पिउने

पानी प्रबर्धन गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थासंग सहकार्य र प्रोत्साहित गरिने छ |

- पानीका मुहान सहज नभएका ठाउँहरुमा प्रविधिको खोजी गरी **डिप बोरिंग,लिफ्टिंग प्रबिधि** र आकासे पानी जम्मा गरी प्रयोगमा ल्याउने बिधि अबलम्बन गरिनेछ|
- स्वच्छ पिउने पानीका मुहानहरुमा गुणस्तरीयता मापनका लागि पानी परीक्षणका विभिन्न प्रविधिहरु अवलम्बन गरिने छ|
- खानेपानी शुद्धीकरणका लागि विशेष पहल गर्ने नीति लिईनेछ | सहलगानीमा निर्माण हुने सल्यानटार खानेपानी अयेजनाका लागि अवश्यक बजेटके व्यवस्था गरिने छ ।
- परम्परागत ढंगबाट संचालन हुँदै आएका कुवा ,ढुंगेधारा लगायत खानेपानीका स्रोत भएका स्थानहरुको  आवश्यक संरक्षण र सम्बर्धन गरिनेछ |

## जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धमा:

- बैकिङ सेवा मार्फत दिइदै आएको सामाजिक सुरक्षा भत्तालाई घर घरमा पुर्याउने व्यवस्था मिलाइने छ |

- जेष्ठ नागरिकहरुका लागि नियमित स्वास्थ्य परिक्षणको व्यबस्था गरिने छ | प्रत्येक प्रमुख वस्तीहरुमा जेष्ठ नागरिक मिलन तथा भेटघाट केन्द्रको निर्माण गरिनेछ |
- गाउँपालिकाक्षेत्रभित्र रहेका अपाङ्ग व्यक्तिहरुको तथ्याङ्क सङकलन, अपाङ्गता जेष्ठ नागरिक परिचयपत्र वितरण र अद्यावधिक गरिनेछ|
- सीमूलक रोजगारमूलक तथा आयमूलक कार्यक्रम संचालनमा जोड दिइनेछ|साथै अब बन्ने संरचनाहरु अपाङ्गमैत्री बनाउने नीति लिइनेछ |
- अपाङ्गता पहिचान वर्गीकरण तथा सुबिधा र सहयोगका लागि गाउँपालिकास्तरमा नै कार्यबिधि बनाई लागू गरिनेछ |
- अपाङ्गतासम्बन्धी कार्यविधिलाई आवश्यकताबमोजिम संशोधन गरिनेछ |
- जेष्ठ नागरिकका लागि सम्मान कार्यक्रम संचालन गरिने छ |

## <u>दलित एबम पिछडा वर्ग उत्थान:</u>

- दलित अल्प संख्यक एबं पिछडा वर्गका नागरिकहरुलाई बिशेष क्षमता अभिवृद्धि तथा शसक्तिकरणका कारणहरु मार्फत उनीहरुलाई आत्मानिर्भर हुने सिप सिकाइने छ | उनीहरुले उत्पादनमुलक तथा रोजगारीमुलक रोजगारी गर्न चाहेमा प्रोत्शाहित गर्ने नीति लिईनेछ |

- छुवाछुत तथा भेदभाव सामाजिक अपराध हो। छुवाछुत तथा भेदभाव अन्त्यका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ |

- गाउँभित्रका अति गरिव , उत्पीडित दलित ,आदिबासी, भिन्न क्षमता भएका व्यक्ति पिछडीएका वर्ग तथा सिमान्तकृतहरुको पहिचानगरी तिनीहरु लक्षित शसक्तिकरण क्षमता विकास ,लैंगिक समानता र समाबेशीकरण,जीवन स्तर सुधार ,गरिव न्यूनीकरण तथा सामाजिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ |
- मेड्पा कार्यक्रम गाउँपालिका सवै वडाहरु मार्फत आरन सुधार परम्परागत पेशा व्यवसाय भएका समुदायलाई आधुनिक सीपमूलक तालीमको व्यबस्था गरी सिप र प्रबिधि हस्तान्तरण गरिनेछ |

## युवा तथा खेलकुद विकास:

- अध्यक्ष उद्यमशीलता कार्यक्रम मार्फत गाउँपालिकाभित्रका युवाहरुलाई इलेक्ट्रसियन ,पलम्बीङ् मोबाइल तथा कम्प्युटर रिपेरिंङ सिकर्मी डकर्मी तथा हस्पिटालिटी लगायतका विषयमा सिपमुलक तालिम प्रदान गरिनेछ |
- पालिकामा संचालनमा रहेका सवै किसिमका खेललाई प्रोत्साहन गरिनेछ |
- वडा नं १ को हात्ती सुड़ेमा गाउँपालिकस्तरीय सुबिधा सम्पन्न ब्याडमिन्टन कभर्ड हल निर्माणका लागि आबश्यक बजेट विनियोजन गरिनेछ | क्षेत्रीय रंगशालाको निर्माण कार्यलाई निरन्तरता दिईनेछ |

- बेरोजगार युवाहरुलाई उनीहरुको सीपका अधारमा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत विकास निर्माणमा जोड्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ |
- प्रहरीको समन्वयमा कुलत तथा दुर्ब्यसनीमा लागेका युबाहरुलाई रुपान्तरणका लागि विशेष कार्यक्रमहरु ल्याइनेछ |
- युबाहरुमा विभिन्न खेल र रचनात्मक कार्यक्रमहरु संचालन गरी नैतिक चारित्रिक अनुशासनको विकास गरी समाजप्रति दायित्व बोध गराउने कार्यक्रमहरु समाबेश गराउनलाई उचित रकम विनियोजन गरिने छ |
- अन्तर वडास्तरीय विभिन्न खेलहरुको आयोजना गरी खेलकुदलाई प्रबर्द्धन र विकास गरिनेछ|
- बिद्यालयहरुमा खेलकुद तथा अतिरिक्त क्रियाकलापका साथै गाउँपालिकास्तरमा रास्ट्रपति कप, अध्यक्ष कप लगायतको खेलकुद प्रतियोगिता संचालन गरिनेछ |
- गाउँपालिका स्तरीय तथा वडास्तरीय खेलकुद विकास समिति गठन गरी विभिन्न खेलको व्यबस्थापन गरिनेछ |
- बिद्यालयस्तरमा स्काउट शिक्षालाई शिक्षाको अभिन्न अंगको रुपमा विकास गरिनेछ |

# संस्थागत विकास सेवा प्रवाह र सुशासन

## गाउँपालिकाको संस्थागत सुधार , सूचना  प्रबिधि र सुशासन:

**“जनप्रतिनिधिहरु शासक नभई सेवक भई सेवा प्रवाह गरिनेछ”**

- गाउँपालिकाको डिजिटल भिलेज प्रोफाइल निर्माण गरिनेछ |
- साइबर अपराध नियन्त्रणका लागि सम्बन्धित निकायसंगको समन्वयमा सचेतना कार्यक्रम संचालन गरिनेछ |
- गाउँपालिका भित्रका सबै कार्यालय संघ संस्था समूहहरुले आफ्नो सेवा प्रवाहलाई सरल र सहज तरिकाले छिटो र सुबिधा दिने कार्यलाई कडाई पुर्व कार्यान्वयन गरिनेछ |
- भ्रस्टचार विसंगति र विकृतिलाई न्यूनीकरण गर्न गाउँपालिकाका सबै कर्मचारीहरुलाई कानूनको परिधिभित्र रही कार्यक्षमताको आधारमा पुरस्कृत गर्ने र तोकिएको काम बाहेक थप समय काममा लगाउँदा थप सुबिधा दिने व्यबस्था गरिनेछ |
- सवै प्रकारका सेवा सुविधालाई वैज्ञानिकरण गरी प्रभावकारी बनाइ जनतलाई सुलव तरिकाले सेवा दिइनेछ |
- गाउँपालिकाले आफ्नो क्रियाकलापहरुलाई व्यवस्थित गर्न यसबाट गुणस्तरीय सेवा प्रवाह गर्नका लागि त्यसै अनुसारको सांगठानिक संरचना

,दक्ष जनशक्ति र भौतिक स्रोत साधनले सम्पन्न हुनुपर्छ|जसका लागि निम्न कुरामा ध्यान दिईनेछ;

- पालिकाको प्रशासनिक कार्यलाई आधारभुत भौतिक स्रोत साधन तथा सूचना प्रबिधि सम्पन्न बनाइनेछ|
- निर्वाचित जनप्रतिनिधि पदवहाली भएको ६ महिना भित्र आवश्यक पर्ने स्थानीय नीति योजना ऐन कानून कार्यविधि र मापदण्डको निर्माण गरिनेछ र आवधिक र अन्य क्षेत्रगत योजनाहरुलाई परिस्कृत गर्दै लगिने छ |
- स्थानीय तथ्यांक व्यबस्थापनलाई चुस्त दुरुस्त राखिनेछ |
- प्रत्येक शाखा/इकाईहरुको कर्माचारीहरुको कार्यसम्पादनमा गुणस्तरीय सुधार ल्याउन, तदअनुकुलका पेशागत विकासका कार्यक्रमहरु,दक्षता अभिवृद्धिका लागि तालिम प्रशिक्षण तथा अभिमुखीकरणका कार्यक्रमहरु संचालन गरिनेछ | दक्ष कर्मचारीहरुबाट मात्र परिणाममुखी नतिजा निकाल्न सकिन्छ भन्ने विश्वास रहिआएको छ |
- कार्यालयभित्रका जिन्सी सामानहरुको खरिद प्रक्रियालाई पारदर्शी ,मितव्ययी र जवाफदेहिता कायम गर्नका लागि सार्वजनिक खरिद ऐन बमोजिम वार्षिक खरिद योजना बनाइ लागू गरिनेछ |
- आवश्यकता अनुसार टोल विकास संस्था, महिला समुह ,कृषक समूह ,बाल क्लब ,सामुदायिक मेलमिलापकर्ताहरुलाई विभिन्न तालिम प्रक्षिशण तथा अभिमुखीकरण कार्यक्रम संचालन गरीने छ |

- कार्यपालिका तथा वडा सदस्यहरुलाई स्थानीय शासन सम्बन्धि नीति ,कानून सम्बन्धि योजना तर्जुमा सम्बन्धि  क्षमता अभिवृद्धि,न्यायीक समिति ,अनुगमन समितिको क्षमता अभिवृद्धि,बिषयगत समिति /उपसमिति/ सामुदायिक संस्थाहरुलाई पनि आवश्यकता अनुसारको पहिचान गर्दै क्षमता विकास का विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ |
- पालिकाबाट दिइने हरेक किसिमका सहुलियत अनुदान सहयोगका लागि कार्यविधि तथा मापदण्डको व्यबस्था गरी तिनको अनुशरण गरिनेछ |
- सूचना प्रबिधि तथा सुशासन क्षेत्रको विकासले तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन हुँदै , व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई  प्रभावकारिता तथा पारदर्शिता बढ्न गई समाजमा सुरक्षाको अनुभूती र स्थानीय सरकारले लिएको भ्रस्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिले आम नागरिकहरुमा जवाफदेहिता र पारदर्शिताको  महशुस हुनेछ |

- गाउँपालिकाबाट सम्पादन हुने सेवाप्रवाह,विकास निर्माण तथा सार्वजनिक सरोकारका बिषयहरुमा नागरिकहरुसंग निरन्तर सम्पर्कमा रही गुनासो तथा सुझाबहरु संकलनका लागि गाउँपालिकामा २४ सै घण्टा संचालन हुने गरी हटलाइन टेलिफोन सेवा संचालन गरिनेछ |

- गाउँपलिकाको पहिलो कार्यकालको उपलब्धि र भावी योजना समेट्ने गरी आधुनिक विकासका सम्भावना साथै पर्यटन प्रबर्धनमा टेवा पुग्ने गरी वृतचित्र निर्माण गरिनेछ |
- गाउँपालिकाको नवनिर्वाचित जनप्रतिनिधिहरुको व्यक्तिगत विवरण समेट्ने गरी  प्रोफाइल निर्माण गरिनेछ |
- गाउँपालिकालाई प्राप्त हुने राजश्वलाई थप व्यवस्थित,प्रबिधिमैत्री, छिटो, आवश्यकता अनुसार रिपोर्ट हेर्न मिल्ने र समयसापक्ष बनाउन सम्पति , भूमि , व्यवसाय तथा नगदी रसिदलाई **E-Billing** मार्फत कार्यन्वयनमा ल्याइने प्रक्रियालाई निरन्तरता दिइनेछ |
- गाउँपालिकाले दिने सेवा सुबिधा, नीति नियम, सूचना तथा गतिविधिहरु सबै नागरिकको पहुँचमा पुर्याउन मोबाइल ऐप्समा गाउँपालिकाको प्रशासनिक सार्वजनिक सेवा प्रवाह सम्बन्धि विवरण र सम्बन्धित कर्मचारीहरुको उपलब्धताको बारेमा पनि अध्यावधिक गरी सार्वजनिक सेवाका बारेमा नागरिकलाई सुशुचित गरिनेछ साथै"**साझा त्रिपुरासुन्दरी**"लाई नागरिक समक्ष अझ बढी परिस्कृत साथै प्रयेगकर्तामैत्री बनाउदै लगिनेछ |
- योजना/कार्यक्रमको सम्झौता प्रक्रियामा कर्मचारी र सेवाग्राहीलाई हुने ढिला सुस्ती र एक क्लिकमा सम्पूर्ण रिपोर्ट हेर्न मिल्ने साथै कर्मचारी र सेवाग्राहीवीचको दूरी कम गर्नका लागि आगामी  आ.व  ०७९/८० मा पनि यस प्रणालीलाई निरन्तरता दिईदै **योजना संचालन तथा अभिलेख व्यबस्थापन सफ्टवेयर**लाई प्रभावकारी रुपमा कार्यान्वयनमा  ल्याइनेछ|

- डिजिटल सोधपुछ कक्ष, डिजिटल सूचना पार्टी ,डिजिटल नागरिक बडापत्रको व्यबस्थापन गरिनेछ । सेवाग्राहीहरुको बाक्लो उपस्थित हुने कार्यालय तथा सार्वजनिक स्थानहरुमा(गाउँपालिका ,वडा कार्यालय ,प्रतीक्षालय ,स्वास्थ्य चौकी)मा निशुल्क इन्टरनेट सेवाको क्रमश बिस्तार गर्दै लैजाने नीति लिईनेछ |
- विभिन्न कार्यालयहरु (वडा कार्यालय , बिद्यालय र स्वास्थ्य चौकी)हरुमा जोडिएको विद्युतीय हाजिरीलाई गाउँपालिकाको सञ्जाल (NETWORK)मा जोडी गाउँपालिकाबाट निगरानी गर्ने व्यबस्था मिलाईनेछ |
- गाउँपालिकाको कार्यालय अन्तर्गतका वडा कार्यालयहरुको गतिबिधिहरुको निगरानी तथा पारदर्शिता कायम गर्न **सी.सी. क्यामरा** जडानलाई प्रभावकारी बनाई कार्यालयबाट भए गरेका सेवाप्रवाहलाई गाउँपालिकाको कार्यालयबाट निगरानीको व्यबस्था मिलाइनेछ |
- सामजिक सुरक्षा भत्तालाई बास्तविक लाभग्राहीको हातमा पु~याउन र पारदर्शिता कायम गर्ने उद्वेश्यले सामाजिक सुरक्षा भत्तालाई बैंकिङ् प्रणालीमार्फत भुक्तानी गर्ने व्यबस्था निरन्तरता दिइने छ |
- सबै वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्तालाई अनलाइन प्रणालीमा लगिनेछ|जसका लागि वडामा कार्यरत कर्मचारीहरुलाई सूचना तथा संचार प्रबिधिसम्बन्धी तालीमको समेत व्यबस्था मिलाईनेछ|
- सवै वडा कार्यालयको परिसर र अन्य बजारउन्मुख क्षेत्रलाई Free Wi-Fi ZONE/ CC- Camera जडान गरिने छ ।

- गाउँपालिका र वडा तहका सूचनाहरुलाई वेबसाइटमार्फत प्रकाशन र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ|
- गाउँपालिका तथा वडा तहमा पनि नागरिकहरुले गुनासो तथा उजुरी गर्न सक्ने संयन्त्रको बिकास गरिनेछ|
- आवधिक रुपमा सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ | सार्बजनिक सुनुवाईमा उठेका सवाल र सम्बादका बिषयमा समिक्षा गरिनेछ|
- गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाह ,उपभोक्ता समिति वा निर्माण व्यबसायीबाट सम्पादन हुने विकास निर्माण कार्यको प्रभावकारी रुपमा सार्बजनिक परीक्षण तथा सार्बजनिक सुनुवाईजस्ता कार्यलाई थप प्रभावकारी बनाइनेछ|
- यस गाउँपालिकाले लिएको **भ्रस्टाचार बिरुद्ध शून्य सहनशीलताको** नीतिलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याइनेछ |
- यस गाउँपालिकालाई पेश्की रहित र बेरुजुमुक्त गाउँपालिका बनाइनेछ |
- गाउँपालिकाभित्रका कार्यालयहरुबाट दिईने नागरिक सेवाप्रवाहलाई **"जिम्मेवारी र जवाफदेहि बनौ ,मुस्कान सहित सेवा प्रवाह गरौँ "** को नीति अवलम्बन गरिनेछ |
- संगठन तथा व्यवस्थापन सर्वेक्षण योजना निर्माण गरी करार जनशक्ति व्यबस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ|
- जनउत्तरदायी स्थानीय प्रशासन र विधिको शासन स्थापना गरिने छ |

- निर्माण सामाग्री तथा निर्माण हुने संरचनाहरुलाई थप गुणस्तरीय र दिगो बनाउन Material Testing Lab स्थापना गरिनेछ |
- गाउँपालिका तथा वडा कार्यालयमा करार /अस्थायी रुपमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागू गरिने छ |
- व्यक्तिगत,संस्थागत,नीतिगत वा सामाजिक रुपमा हुने कुनै पनि भ्रस्टाचार प्रवृतिका विरुद्ध र भ्रस्टाचार मुक्त स्थानीय सरकार र समाज निर्माणका लागि सम्पूर्ण जनप्रतिनिधि ,राष्ट्रसेवक कर्मचारी र नागरिक समाजलाई परिचालित गरिनेछ |
- योजना अनुगमन समितिमा तेस्रो पक्ष प्राबिधिकबाट निष्पक्ष गुणस्तरीय मापनका लागि प्राबिधिकको व्यबस्था मिलाइने छ |
- गाउँपालिका र वडाहरुमा योजना तर्जुमा गर्दा बजेट विनियोजन पूर्व प्राबिधिकको इस्टिमेटको आधारमा मात्र बजेट विनियोजन गरिने कार्यलाई प्राथमिकता दिइनेछ |
- गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाइ{ अप्टिकल फाइबर कनेक्टिभिटिबाट जोडिने कार्यलाई निरन्तरता दिइनेछ |

## वाताबरण तथा विपद ब्यबस्थापन:

## "दिगो विकासका लागि, वातावरण संरक्षण"

### वन तथा भूसंरक्षण ,वातावरण संरक्षण तथा जलाधार संरक्षण :

- स्थानीय समुदायको अग्राधिकार रहने गरी बन पैदावार र बन क्षेत्रको नोक्सानी नहुने गरी बन क्षेत्रको व्यावसायिक बिकासमा जोड दिईनेछ |
- गाउँपालिकाको आधा भन्दा बढी भूभाग ढाकेको बनक्षेत्रको संरक्षण ,सम्बर्धन व्यबस्थापनको कार्यमा सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालयसंग समन्वय र साझेदारी गरिनेछ |
- सामुदायिक वन उपभोक्ता समुहहरुसंग समन्वय गरी गैर काष्ठ वन पैदावारको उत्पादन तथा अन्य हरित उद्यमशिलाताका गतिविधिलाई प्रोत्षाहित गरिनेछ | पटकेघारीमा भएको बेलघारीबाट बेलपत्र संकलन गरी पशुपतिनाथ तथा अन्य धार्मिक पिठ हरुमा पठाउनका लागि पहल गरिनेछ |
- पालिका स्तरीय नर्सरी स्थापना गरी उत्पादित बेर्नालाई सडक किनारा र अन्य खुला स्थानमा वृक्षरोपण गर्ने कार्यलाई पहिलो वर्षदेखि नै व्यापकता दिईनेछ | नर्सरी संचालनलाई आफैं दिगो रुपमा संचालन गर्न बिधि अपनाइनेछ |
- खानेपानीका मुहान क्षेत्रहरुलाई" पानी मुहान संरक्षण क्षेत्र "घोषणागरी सोहि अनुरुप संरक्षणका कार्यहरु गरिनेछ |

- पालिकाभित्रका भएका रानीपोखरी,भण्डारेपोखरी,सुनपोखरी,कर्नेलपोखरी,(अग्रौता) मजे पोखरी लगायत सबै नयाँ ,पुराना पोखरीहरुको संरक्षण ,जलाधार व्यव्स्थापन तथा वन्यजन्तु संरक्षणका उद्देश्यले समेत पोखरीहरु निर्माण गरिनेछ |
- पहिरो भूक्षय नदि कटान वा अन्य विपद जोखिमयुक्त स्थान क्षेत्रहरुको पहिचान गरी विपद व्यबस्थापन गुरुयोजना बनाइनेछ |
- पालिका र वडास्तरीय विपद व्यबस्थापन समितिहरु गठन गरी विपद ,आकष्मिक घटना वा महामारीको बेला तिनको परिचालन गरिनेछ र पालिका स्तरमा आपतकालीन उद्दार कार्यदलको व्यबस्था गरिनेछ |
- काष्टेखोला मन्पांग खोला ,आन्खु खोला लपांग खोला ,खहरे खोला ,ह्यापिंगे खोला र गणेश खोला, बुढीगण्डकी नदि लगायतबाट भएका नदि कटान क्षेत्रहरुमा तटबन्धन र बाँस रोपणका कार्यहरु गरिने छन |
- बाढी पहिरो आगलागी तथा अन्य विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई पालिकाबाट तत्काल राहत उपलब्ध गराइनेछ |
- प्राकृतिक विपद तथा आकष्मिक घटनाका बारेमा तत्काल उद्दार तथा राहत वितरण गर्न नेपाल रेडक्रस सोसाइटी संग आवश्यक साझेदारी गरिनेछ |
- गाउँपालिका भित्र रात्री कालिन आकष्मिक उद्दारका लागि नेपाली सेनासंगको समन्वयमा नाइट भिजन हेलिकप्टर अवतरण गर्नका लागि आवश्यक कार्य गरिनेछ |

- परम्परागत चुल्होबाट खाना पकाउन बाध्य आमा, दिदीबहिनीहरुको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने घरभित्रको धुवाँलाई न्यूनीकरण गर्नका लागि आधुनिक सुधारिएको चुलो, बायोग्यास जडानमा आबश्यक अनुदान दिंदै बैकल्पिक उर्जा प्रबर्धनलाई बिशेष प्राथमिकतामा राखिनेछ|
- आपतकालीन उद्दार तथा राहत सामाग्री संकलन केन्द्र निर्माण गरी संचालन गरिनेछ |
- नेपाल सरकारद्वारा स्वीकृत वाताबरणमैत्री स्थानीय शासन अवधाराणा(EFLG) अनुरुप बाताबरण मैत्री संरचनागत विकास निर्माणमा विशेष जोड दिइनेछ |
- भू-क्षयलगायत बाढी,पहिरो रोकथामका निम्ति हरेक योजनाको कूल लागतको १ % प्रतिशत रकम बायो-इन्जिनियरिङमा खर्च गर्नुपर्ने प्राबधानलाई विशेष नीति बनाई कार्यन्वयनमा जोड दिइनेछ|
- त्रिपुरासुन्दरी गाउँपालिका अन्तर्गत वातावरण प्रदुषण ,जलवायु परिबर्तन आदिसंग सम्बन्धित अध्ययन तथा अनुसन्धानकर्तालाई प्रोत्साहनका लागि अनुदानको व्यवस्था गरिनेछ |
- विपद जोखिम सम्बेदनशील भूउपयोग योजना निर्माण गरिनेछ साथै विपद जोखिम क्षेत्र पहिचान गरी नक्सांकन गरिने छ |
- आपतकालिन उद्दारका लागि आवश्यक सामाग्री बारुणयन्त्र ,शव बाहन परिचालनका लागि राज्यका सबै तहसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ |

- गाउँपालिका क्षेत्रभित्रका मूल सडक छेऊमा वृक्षरोपण गरी हरियाली मार्ग निर्माण कार्यको थालनी गरिने  छ।

## सरसफाई तथा फोहोरमैला व्यबस्थापन:

- प्रमुख वस्ती वा चोकका सडक किनारामा अजैविक फोहोर संकलनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ | सडक छेउछाउ तथा सार्वजनिक स्थानमा फोहोर फाल्ने प्रवृतिलाई पूर्ण रुपमा दुरुत्साईत गरिने छ |
- सल्यानटारका लागि स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यबस्था गरिनेछ र फोहोर संकलन र व्यबस्थापनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ |
- गाउँपालिकास्तर, वडास्तर र टोल स्तरमा सरसफाई तथा फोहोर व्यबस्थापन समूह गठन गरी क्रियाशील बनाईनेछ |
- **"फोहोरलाई, मोहोर "**बनाउनका लागि प्लास्टिक पुनप्रयोग तथा फोहोरको विविध प्रयोगको विधिलाई अबलम्बन गर्दै लगिने छ|
- टोल  विकास सस्थाहरुलाइ फोहोरमैला व्यबस्थापन गर्न जिम्मेवार बनाइने छ।

## भूमि व्यबस्थापन:

- सार्बजनिक  जग्गाको पहिचान र अभिलेख गरी अतिक्रमणलाई नियन्त्रण गरिनेछ |

- भूमि बैंक स्थापना गरी सोको उपयोगलाई कार्यान्वयन गरिनेछ|
- भूमिको डिजिटल नापी प्रणाली क्रमश लागू गरिनेछ |
- सल्यानटारमा व्यवस्थित वस्ती बिकासको लागि आबश्यक नीति लिइनेछ |
- गाउँपालिकाभित्रको भूमि पून:नापी गर्न पहलकदमी थालिनेछ |
- सल्यानटार शहरीकरण लाई मध्ये नजर राख्दै जग्गा खण्डीकरण गर्दा ८ आना भन्दा सानो कित्ता काट नगर्ने नीति अबलम्बन गरिनेछ |
- सल्यानटार स्वास्थ्य केन्द्रका लागि जग्गा खरिद प्रक्रिया अघि वढाउन बजेटके व्यवस्था गरिने छ ।

## सहिद j]kQf तथा द्वन्द पीडित

- सशस्त्र द्वन्द ,जनआन्दोलन तथाअन्य विभिन्न आन्दोलनमा सहभागी भई सहादत प्राप्त गर्नु हुने सहिद परिवार व्यपत्ता परिवारजन एबं द्वन्दमा परी घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुलाई गाउँपालिका मार्फत आयआर्जन कार्यक्रममा सहभागी गराई आयस्तर वृद्धिमा जोड दिनेछु |
- सहिद प्रतिष्ठान निर्माण एबं सहिद तथा द्वन्द पिडितहरुको जीवनी संगालो प्रकाशन गरी सम्मान गरिनेछ |

## भाषा साहित्य संस्कृति र कला :

- हाम्रा जातीय र सांस्कृतिक विविधता हाम्रा अमूल्य निधि हुन तिनलाई पर्यटन पर्बधन संग जोडेर आर्थिक सम्वृद्धिका लागि प्रबर्धन गरिने छ |
- स्थानीय भाषा ,भेषभुषा,कला रहनसहन ,जीवनशैलिको संरक्षण र सम्बर्धन गरिनेछ | प्रत्येक वस्तीहरुमा एक संस्कृतक हल/मंचको व्यबस्था गरेर स्थानीय संस्कृति र कलाको प्रबर्धन गरिनेछ | ति मन्च/हलमा सोरठी ,घाटु,मारुनी,लाखे नाच ,बालन,भजनहरुको प्रदर्शन गर्न सांस्कृतिक क्यालेन्डर बनाइने छ | साहित्य कला र संगीतको साधनमा लागेका पालिकाभित्रका व्यक्तित्त्वहरुलाई सम्मानित तथा प्रोत्साहित गर्ने ÷गरिनेछ |
- नियमित रुपमा साहित्यिक कार्यक्रमहरु आयोजना गरिनेछन र साहित्य ,कला,संगीत,संस्कृति आदि क्षेत्रमा साधनारत व्यक्तित्वहरुको बारेमा अभिलेखीकरण गरिनेछ |
- त्रिपुरासुन्दरी माई स्थान लगायत अन्य स्थानीय जात्रा ,मेला,चाडपर्वहरुको,प्रचार प्रसार गरेर ,सांस्कृतिक तथा धार्मिक पर्यटनको प्रवर्धन गरिनेछ |

## स्थानीय बजार व्यबस्थापन :

- स्थानीय व्यापार उपभोक्ताको अधिकार र बजार अनुगमन लगायतका लागि कानून तथा मापदण्डको निर्माण गरिनेछ |
- स्थानीय उत्पादनको मूल्य निर्धारण र अन्य वस्तु तथा सेवाहरुको मुल्यमा एकरूपता ल्याइनेछ यसका साथै स्थानीय उपभोग्य सामग्रीको दर रेट निर्धारण गरिनेछ |
- बजारहरुको नियमित अनुगमन गरिनेछ |खाध्यतथा अन्य उपभोग्य बस्तुहरुको गुणस्तर र मूल्यको निरन्तर अनुगमन गरिनेछ |
- किसानको उत्पादनलाई बजार सम्म पुर्याउनका लागि आवश्यक सहजीकरण गरिनेछ |

न्यायिक समिति र यसका कार्यहरु

- कानूनले निर्दिष्ट गरेका न्याय सम्पादनलाई चुस्त ,दुरुस्त र छिटो छरितो रुपमा सेवा प्रवाह गरिनेछ |
- न्यायिक समिति र मेलमिलाप सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरी गुनासो सुनुवाईलाई व्यवस्थित गरिनेछ |
- वडास्तरमा हुने सामान्य विवाद तथा उजुरीलाई मेलमिलापकर्ताद्वारा सहजीकरण गरी व्यवस्थापन गरिनेछ |

## सहकार्य र समन्वय :

नेपालको संबिधानको संघियताको मूल मर्म समन्वय ,सहअस्तित्व र सहकारिताको सिद्दान्तलाई अवलम्बन गर्दै ,संघीयतालाई अझ मजबुत बनाउदै देशको समग्र प्रगति र उन्नतिमा योगदान दिनका लागि अन्य पालिका ,प्रदेश र सङ्घीय सरकारसंग समन्वय र सहकार्य गरिनेछ |

- नदि,खोला,वन जस्ता प्राकृतिक स्रोतको उपयोग र व्यबस्थापन ,वातावरण संरक्षण ,विपद व्यबस्थापन ,पूर्वाधार विकास ,पर्यटन र खेलकुद विकास जस्ता विषयहरुमा छिमेकी पालिकाहरुसंग समन्वय र सहकार्य गरिनेछ |
- राष्ट्रिय स्तरका ठूलाटार सहित उस्तै भूगोल भएका र अन्तरास्ट्रिय स्तरमा समेत उस्तै भूगोल वा मिल्दो जुल्दो बिशेषता भएका स्थानीय सरकारहरुसंग भगिनी सम्बन्ध विस्तार गरिनेछ |

अन्त्यमा,

पहिलो कार्यकालको नीति तथा कार्यक्रम ,योजना तथा बजेट कार्यान्वयनमा लाग्नु हुनुहुने पुर्व जनप्रतिनिधि साथीहरु, /fi6«सेवक कर्मचारीहरु तथा आम उपभोक्तामा  हार्दिक धन्यबाद ज्ञापन गर्दछु र आगामी आर्थिक वर्ष ०७९/०८० को माथि उल्लेखित नीति तथा कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गर्न बजेट विनियोजन गरी कार्य संचालन गरिनेछ | यस बर्षको नीति,कार्यक्रम, योजना र बजेट

कार्यन्वयनमा यहाँहरुको अझ बढी सहयोग र क्रियाशीलताको अपेक्षा गर्दछु | यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत , लेखा अधिकृत , सूचना अधिकृत लगायत सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक कृतज्ञता सहित धन्यबाद व्यक्त गर्दछु |

धन्यबाद नमस्कार !!

२०७९|०३|१०

**राजु उप्रेती**

**अध्यक्ष**